सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक १६७ ♦ २०८२ साल फागुन ८ शुक्रवार ♦ 20 Feb 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# धनुषा १ मा मुख्य दलका परिचित अनुहारबीच बहुपक्षीय प्रतिस्पर्धा

**विजयकुमार साह**

**फागुन ७ गते, महोत्तरी**









धनुषा निर्वाचन क्षेत्र नम्बर १ मा यसपटकको प्रतिस्पर्धा रोचक हुने देखिएको छ। मुख्य दलका परिचित अनुहारबीच प्रतिस्पर्धा हुने भएकाले यहाँको चुनावी समीकरण रोचक बनेको हो ।

यस क्षेत्रमा नेपाली कांग्रेसबाट रामपल्टन साह, नेपाल कम्युनिस्ट पार्टी (एमाले) बाट रामचन्द्र मण्डल, नेपाली कम्युनिस्ट पार्टी (नेकपा) बाट मातृकाप्रसाद यादव, जनता समाजवादी पार्टी (जसपा) बाट दीपक कार्की, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट किशोरी साह (कमल) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) बाट मनोजमल्ल ठकुरी, उज्यालो नेपालबाट महेश यादवसहित ४० भन्दा बढी उम्मेदवार चुनावी मैदानमा छन् ।

कांग्रेसका साह बाहेक अधिकांश उम्मेदवार यसअघि विभिन्न निर्वाचनमा प्रतिस्पर्धा गरिसकेका वा निर्वाचित भइसकेका अनुभवी नेता हुन् । नेकपा (एमाले) का मण्डल प्रदेशसभा सदस्य तथा सभामुखको जिम्मेवारी सम्हालिसक्नुभएको नेता हुनुहुन्छ। उहाँ प्रदेशसभा सदस्य पदबाट राजीनामा दिएर प्रतिनिधिसभा सदस्यमा उम्मेदवार बन्नुभएको हो । यसअघि उहाँ २०७४ मा धनुषा क्षेत्र नम्बर १ 'ख' बाट तत्कालीन नेकपा (माओवादी केन्द्र) र २०७९ मा नेकपा (एमाले) बाट प्रदेशसभा सदस्यमा निर्वाचित हुनुभएको थियो ।

मण्डलले पार्टीले नयाँ जिम्मेवारी दिएकाले प्रदेशसभाबाट राजीनामा दिएर चुनावमा होमिएको बताउनुभयो। निर्वाचित हुनेमा विश्वास रहेको बताउँदै प्रदेशसभाबाट दुई कार्यकाल जनतालाई सेवा गरेको र अब बृहत् रूपमा जनतालाई सेवा गर्न प्रतिनिधिसभामा उम्मेदवारी दिएको जानकारी दिनुभयो ।

नेकपाका यादव २०६४ सालको संविधानसभा निर्वाचनमा समानुपातिक प्रणालीबाट निर्वाचित हुनुभएको थियो । प्रत्यक्ष निर्वाचनतर्फ भने उहाँ २०७४ सालमा धनुषा निर्वाचन क्षेत्र नम्बर १ बाट निर्वाचित हुनुभएको थियो । तर २०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा भने उहाँ जसपाका कार्कीसँग पराजित हुनुभएको थियो ।

यादवले वर्तमान निर्वाचनलाई सामान्य प्रतिस्पर्धा नभई राजनीतिक उपलब्धि संरक्षणको लडाइँका रूपमा लिएको धारणा राख्नुभयो। उहाँले शिक्षा, स्वास्थ्य र सुशासनलाई प्राथमिकतामा राखेर काम गर्ने प्रतिबद्धता जनाउनुभयो । अघिल्लो निर्वाचनमा गठबन्धनका साथी इमानदार नहुँदा पराजित भएको उहाँको भनाइ छ ।

रास्वपाका साह २०७४ मा नेकपा (एमाले) बाट क्षेत्र नम्बर १ 'क' बाट प्रदेशसभा सदस्यमा निर्वाचित हुनुभएको थियो । २०७९ को प्रतिनिधिसभा निर्वाचनमा जनमत पार्टीबाट उम्मेदवार बन्नुभएको उहाँ यसपटक रास्वपाबाट प्रतिस्पर्धामा हुनुहुन्छ ।

नेपाली कांग्रेसका रामपल्टन साहले अवसरवादको अन्त्य र सुशासन स्थापना आफ्नो प्राथमिकता भएको बताउनुभएको छ। सच्चिएको कांग्रेसले देशलाई स्थायित्वको मार्गमा लैजान कांग्रेस आवश्यक रहेको उहाँको भनाइ छ । सङ्घीयता सुदृढीकरण, भ्रष्टाचार नियन्त्रण तथा जनउत्तरदायी शासन प्रणाली निर्माणमा आफू

बाँकी पृष्ठ ३ मा

# महोत्तरी-१ मा चुनावी प्रश्नः गाउँसम्म कहिले पुग्छ लोकतन्त्रको प्रतिफल ?



**खबर दर्पण समाचारदाता**

**फागुन ७ गते, बर्दिवास**

महोत्तरी-१ अन्तर्गत भंगाहा नगर पालिका-९, अजगेवाका प्रदीप यादवको प्रश्न चुनावी माहोलमै गुञ्जियो–"लोकतन्त्र र संघीयता आएको दुई दशक भयो, तर देश र जनताले के पाए? रोप्ने बेलामा आलुको बीउ ५० रुपैयाँ किलो पर्छ, तर किसानले उत्पादन गरेपछि १० रुपैयाँमा पनि बिक्दैन। गाउँका युवा विदेश नगएर के गर्ने? यही हो लोकतन्त्र?"

भारतको चेन्नईबाट मजदुरी गरेर भर्खरै फर्किएका २७ वर्षीय विपिन सदा पनि उस्तै जिज्ञासामा छन्–"लोकतन्त्र र संघीयताको उपलब्धि आखिर गाउँसम्म कहिले पुग्छ?"

बाँकी पृष्ठ ३ मा

# धनुषा-४ मा ७० भन्दा बढी युवा एमाले छाडेर कांग्रेसमा प्रवेश



**खबर दर्पण समाचारदाता**

**फागुन ७ गते, महेन्द्रनगर**

धनुषाको महेन्द्रनगरमा आयोजित एक कार्यक्रम बीच ७० भन्दा बढी जेन-जी युवा नेकपा एमाले परित्याग गरी नेपाली कांग्रेसमा प्रवेश गरेका छन्।

बिहीबार आयोजित पार्टी प्रवेश कार्यक्रममा एमालेका युवा नेता रोहितकुमार साहको नेतृत्वमा ७० भन्दा बढी युवा कांग्रेसमा प्रवेश गरेका हुन्। कार्यक्रममा नवप्रवेशी युवाहरूलाई कांग्रेसका पूर्व सह-महामन्त्री तथा धनुषा क्षेत्र नम्बर ४ बाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार महेन्द्र यादवले अबिर र माला लगाएर स्वागत गर्नुभयो।

कार्यक्रमलाई सम्बोधन गर्दै उम्मेदवार यादवले युवाहरूको प्रवेशले पार्टी थप सशक्त र संगठित बनेको बताउनुभयो। उहाँले युवाको सक्रियताले आगामी निर्वाचनमा जित सुनिश्चित हुने दाबी गर्नुभयो। "युवाको विचार, स्वतन्त्रता र समृद्धिको ग्यारेन्टी गर्न सक्ने एक मात्र पार्टी नेपाली कांग्रेस हो," उहाँले भन्नुभयो।

उहाँले आजका युवाको मुख्य चाहना स्वतन्त्रता, रोजगारी र आफ्ना सपनालाई साकार पार्ने अवसर रहेको उल्लेख गर्दै युवाको भावना र आकांक्षालाई कांग्रेसले सम्मान गर्ने बताउनुभयो।

खबर दर्पण
राष्ट्रिय दैनिक



# कांग्रेस, एमाले र रास्वपाले ल्याएको घोषणापत्रमा के के छन् ?

**खबर दर्पण समाचारदाता**

**फागुन ७ गते, बर्दिवास**

प्रतिज्ञापत्र सार्वजनिक गर्दै कांग्रेस सभापति गगन थापाले भने- हाम्रो प्रतिज्ञापत्र पाँच वर्षपछि मूल्यांकन गरिने परम्परागत दस्ताबेज होइन, हरेक महिना जनताले जाँच्न सक्ने रिपोर्टकार्डसहितको संकल्प हो ।

कांग्रेसको घोषणापत्र : पाँच वर्षमा १५ लाख रोजगारी र निःशुल्क स्वास्थ्य

पाँच वर्षमा कम्तीमा १५ लाख रोजगारी र सबै नेपालीको निःशुल्क स्वास्थ्य सेवालगायतका जनसरोकार का मुद्दा समेटेर कांग्रेसले आफ्नो चुनावी प्रतिज्ञापत्र ल्याएको छ । कांग्रेसले प्रतिनिधिसभा निर्वाचनका लागि बुधबार जनकपुरमा सार्वजनिक गरेको प्रतिज्ञापत्रका १० दृष्टिकोणको विस्तृत खाका बिहीबार राष्ट्रिय सभामा सार्वजनिक गरेको हो ।



पाँच वर्षमा १५ लाख रोजगारी र निःशुल्क स्वास्थ्य



युवालाई १० जि.बी. डाटा फ्रि, सुत्केरीलाई २५ हजार भत्ता सम्म



२०४६ यताको सम्पतीको छानबिन पाँच लाखलाई रोजगारी

प्रश्नोत्तर कार्यक्रममा सभापति गगन थापाले २०० पृष्ठको प्रतिज्ञापत्र सार्वजनिक गर्दै त्यसबारे सहभागीका प्रश्नहरूको उत्तर दिएका छन् । प्रतिज्ञापत्रबारे थापाले भने, 'हाम्रो प्रतिज्ञापत्र पाँच वर्षपछि मूल्यांकन गरिने परम्परागत दस्ताबेज होइन, हरेक महिना जनताले जाँच्न सक्ने रिपोर्टकार्डसहितको संकल्प हो ।'

कांग्रेसको प्रतिज्ञापत्रमा ०४८ सालपछि सार्वजनिक जीवनका उच्च तहमा रहेका हरेक व्यक्तिको सम्पत्ति छानबिन गर्न ६ महिनाभित्र उच्चस्तरीय अधिकारसम्पन्न छानबिन आयोगको गठन, मन्त्री, सांसद वा उच्चपदस्थ व्यक्तिहरूले शपथ लिनुपूर्व र पद छाडेपछि आफ्नो सम्पत्तिको सार्वजनिक घोषणा गर्ने व्यवस्था अनिवार्य गर्ने उल्लेख गरेको छ ।

यसबाहेक राष्ट्रपति एक कार्यकाल, प्रधानमन्त्री र मुख्यमन्त्री बढीमा दुई कार्यकाल, मन्त्री बढीमा तीन कार्यकाल मात्र रहन पाउने र समानुपातिकतर्फ सांसद एकपटक अन्तिमपटक हुने कानुनी र संवैधानिक व्यवस्था तथा विभिन्न समयमा गठित आयोगका सिफारिसबमोजिम संघमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित बढीमा १५ + १ र प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित बढीमा ६ + १ वटा मन्त्रालय मात्र रहने व्यवस्था लागू गर्ने कांग्रेसको प्रतिबद्धता छ । कांग्रेसले आफूलाई लोकतन्त्रवादीहरूको एक मात्र भरपर्दो राजनीतिक शक्तिको रूपमा दाबी गरेको छ । पार्टी अब गुटबन्दी र व्यक्तिगत स्वार्थको चक्रव्यूहबाट मुक्त भएको प्रतिज्ञापत्रमा उल्लेख गरेको छ ।सभापति थापाले अब अंकगणितीय जोडघटाउ र पदको भागबन्डा गरेर जसरी पनि सत्तामा पुग्ने संस्कृति बनेको 'निर्वाचनअघिको गठबन्धन' अन्त्य भएको बताए । 'निर्वाचनअघि गठबन्धन नगर्ने कांग्रेसको निर्णयलाई पछ्याउँदै सबै प्रमुख दलहरू विनागठबन्धन निर्वाचनमा होमिएका छन् । अब कांग्रेस कुनै पनि अवस्थामा सत्ताका लागि आफ्ना सिद्धान्तसँग सम्झौता गर्दैन,' प्रतिज्ञापत्रमा छ ।

आफ्नो अन्तर्राष्ट्रिय सम्बन्धबारे कांग्रेसले भनेको छ, 'नेपालको राष्ट्रिय हितलाई सर्वोपरि राख्न दृढ छ । विश्व समुदायसँग सार्वभौमिक समानताको सिद्धान्तको आधारमा सन्तुलित अन्तर्राष्ट्रिय सम्बन्ध र परराष्ट्र नीति अवलम्बन गर्दै नेपाली कांग्रेस नेपाललाई एउटा आत्मविश्वासयुक्त र ाष्ट्रको रूपमा विश्वमञ्चमा स्थापित गराउने प्रतिबद्धता व्यक्त गर्दछ ।'

सभापति थापाले संविधानका मूल्य-मान्यता, नागरिक अधिकार तथा समानुपातिक समावेशी सिद्धान्तलाई संकुचित हुन नदिई संविधान संशोधनको नेतृत्व लिने भनेका छन् । 'संघीय, प्रादेशिक र स्थानीय गरी तीनै तहका सरकार र शासकीय प्रणालीमा आवश्यक संवैधानिक, संस्थागत र संरचनागत सुधार गर्छौं,' थापाले भने ।

संविधान संशोधनका लागि संसद् सुरु हुनेबित्तिकै त्यहाँभित्रका दलहरूबिच सहकार्यका लागि एउटा अन्तरदलीय सहकार्य संरचना निर्माण गर्ने कांग्रेसको प्रतिबद्धता छ । त्यसको नेतृत्व कांग्रेसले गर्ने र त्यो संरचनामा एउटा न्यूनतम समझदारी कायम गर्ने कांग्रेसको लक्ष्य छ ।

**प्रतिज्ञापत्रका बाँकी मुख्य बुँदा...**

नीतिगत निर्णयबाट हुने भ्रष्टाचारलाई कानुनको दायरामा ल्याउन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन ६ महिनाभित्र संशोधन । अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखा परीक्षकको कार्यालय, सार्वजनिक खरिद अनुगमन कार्यालयलगायत अनुसन्धान तथा नियमनकारी निकाय र संस्थाको संरचना सुधार ।

भ्रष्टाचार तथा अन्य फौजदारी मुद्दा लागेको व्यक्ति निर्वाचन लड्न नपाउने, पदमा नरहने व्यवस्था । भ्रष्टाचारको अभियोगमा मुद्दा दर्ता भएको राजनीतिक दलका कुनै पनि तहका नेता र सदस्य पदबाट स्वतः निलम्बन हुने व्यवस्था ।

सार्वजनिक सेवाप्रवाह र विकास निर्माणमा देखिने अवरोधहरूलाई 'फास्ट ट्र्याक'मा हटाउने र मन्त्रालय र कार्यालय धाउने समयमा काम हुने सुनिश्चित गर्छौं । समयमा काम सुनिश्चित गर्न प्रधानमन्त्री कार्यालयमा तीन महिनाभित्र सुशासन केन्द्र र प्रत्येक मन्त्रालयमा सुशासन इकाइ स्थापना । राष्ट्रिय परिचयपत्र, ड्राइभिङ लाइसेन्स, राहदानीजस्ता प्रमाणपत्रहरू एक हप्ताभित्र सेवाग्राहीलाई उपलब्ध गराउने व्यवस्था ।

राष्ट्रिय योजना आयोग र संघीय सरकारका विभाग तथा कार्यालयहरूलाई आवश्यकता र औचित्यका आधारमा एक-आपसमा गाभ्ने वा प्रदेश तथा स्थानीय तहलाई हस्तान्तरण वा खारेज

एक वर्षभित्र तहगत सरकार सञ्चालनसम्बन्धी छाता ऐन तर्जुमा ।

विकट र दुर्गम क्षेत्रलाई पहिलो प्राथमिकतामा राखेर तथ्य र प्रमाणका आधारमा बजेट विनियोजन ।

दलको लोकप्रिय मत प्रतिशत, संगठनात्मक संरचना, सक्रिय सदस्य संख्या, निर्वाचनमा सहभागिता र संगठनको समावेशी अवस्थाको आधार मा जनतालाई करको अतिरिक्त भार नपर्ने गरी राज्य कोषबाट वित्तीय सहयोग प्रदान गर्ने कानुनी व्यवस्था ।

मतपत्रमा सम्बन्धित निर्वाचन क्षेत्रका उम्मेदवारहरूको सूचीको अन्त्यमा नो भोट अर्थात् 'माथिका कुनै पनि होइन' भन्ने विकल्प र निर्वाचित जनप्रतिनिधिको कार्यसम्पादन अनुचित र गलत आचरण भएमा प्रत्याह्वानको व्यवस्थासहित एक वर्षभित्र कानुनी व्यवस्था ।

करका दर र सर्तहरू कम्तीमा १०-१५ वर्षसम्म स्थिर रहने गरी 'स्ट्याबिलिटी क्लज'सहितको कानुनी ग्यारेन्टी ।

उद्योग दर्तादेखि नवीकरणसम्मका सबै प्रक्रियालाई कागजविहीन र हैरानीमुक्त बनाउन सरलीकृत डिजिटल प्रणाली लागू ।

'पहिले थुन्ने अनि सुन्ने' अन्यायपूर्ण परम्परा अन्त्य गरी व्यावसायिक क्षेत्रमा प्राकृतिक न्यायको सिद्धान्त अक्षरशः लागू ।

नवीन सोच भएका युवा तथा महिला उद्यमीहरूका लागि विनाधितो परियोजनाकै आधारमा पाँचदेखि ५० लाख रुपैयाँसम्मको कर्जा उपलब्ध । साना तथा मझौला उद्योग र कृषि कर्जामा निश्चित अवधिसम्म ब्याजदर नबढ्ने गरी 'स्थिर ब्याजदर' नीति ।

नेपाल विकासशील राष्ट्रमा स्तरोन्नति हुँदा आउने चुनौतीलाई अवसर मा बदल्न आर्थिक कूटनीतिलाई सशक्त बनाउँदै निर्यातमा विशेष अनुदान र सहुलियतपूर्ण कर्जा उपलब्ध ।

सडक, रेल र हवाई सेवालाई एकै छातामुनि ल्याउन 'मल्टिमोडल ट्रान्सपोर्ट एक्ट' जारी र व्यापारिक पूर्वाधारलाई जलवायुमैत्री एवं विपत् प्रतिरोधी ।

करको भारबाट सर्वसाधारणलाई राहत दिन व्यक्तिगत आयमा सुरुको १० लाख रुपैयाँसम्म आयकर नलगाउने नीति । व्यक्तिगत आयकरको अधिकतम दर २५ प्रतिशतभन्दा नबढ्ने गरी प्रगतिशील प्रणाली लागू र वार्षिक एक करोड रुपैयाँभन्दा माथिको आयमा मात्र अतिरिक्त शुल्क ।

युवाहरूलाई प्रशासन र नीति निर्माणमा प्रत्यक्ष सहभागी गराउन वार्षिक कम्तीमा पाँच हजार प्रशिक्षार्थी (फेलो)हरूलाई प्रतिस्पर्धी पारिश्रमिक सहित संघीय, प्रादेशिक र स्थानीय तहमा परिचालन ।

मल खरिदको प्रक्रिया क्यालेन्डर बनाएर मलको आवश्यकता हुने समयमा आपूर्ति सुनिश्चित । मलको उत्पादन नेपालमै हुन सक्ने गरी तराईमा मल करखाना स्थापना ।

सबै नेपालीलाई आपसमा जोड्ने, सेवा र अवसरमा समान पहुँच सुनिश्चित गरी र गाउँ-सहरबिचको असमानता अन्त्य गर्ने लक्ष्यसहित सन्तुलित, दिगो र गुणस्तरीय पूर्वाधार विकास उच्च प्राथमिकता ।

सबै खेतीयोग्य भूमिमा पाँच वर्षभित्र सिँचाइ सुविधा पुऱ्याउने गरी सिँचाइ आयोजना डिजाइन ।

आगामी पाँच वर्षमा देशको कुल विद्युत्जडित क्षमता न्यूनतम १४,००० मेगावाट र प्रतिव्यक्ति विद्युत् खपत ७५० युनिट ।

सहकारी क्षेत्रमा देखिएका चुनौतीलाई सम्बोधन गर्न बचत सुरक्षण कोषको प्रभावकारी कार्यान्वयन र ठगीविरुद्ध 'शून्य सहनशीलता'को नीति

एकपटकको नेपाली, सधैंको नेपाली भन्ने भावनालाई आत्मसात् गर्दै नागरिकताको निरन्तरता, सम्पत्ति र मतदानको अधिकार सुनिश्चित गरेर डायस्पोराका सबै पुस्ताको भावना, ज्ञान, सिप र पुँजीलाई देशको समुन्नतिमा जोड्ने वाचा ।

खेलकुदलाई मनोरञ्जनबाट माथि उठाई 'राष्ट्रिय पहिचान' र 'राष्ट्र निर्माणमा युवा सहभागिता'को मेरुदण्ड बनाउने संकल्प ।

## एमालेको घोषणापत्र : युवालाई १० जिबी डाटादेखि सुत्केरीलाई २५ हजार भत्तासम्म

एमालेले विकासका लागि पाँच आधारभूत घोषणा, समृद्धिका २५ आधार स्तम्भ र मन्त्रिपरिषद्को पहिलो बैठकबाट थाल्ने ११ कामसहित चुनावी घोषणापत्र सार्वजनिक गरेको छ । राजधानीमा बिहीबार पत्रकार सम्मेलन गरी एमाले अध्यक्ष केपी ओलीले ८० पृष्ठ लामो चुनावी घोषणापत्र सार्वजनिक गरेका हुन् ।

सामाजिक न्याय र समानतामा आधारित समृद्ध पारस्परिक सद्भाव वृद्धि गर्दै 'विविधतामा एकता'को बाटोबाट सिंगो राष्ट्रलाई एकताबद्ध बनाउने घोषणा एमालेले गरेको छ । 'आज हाम्रा पुर्खाले अनेकौं त्याग र बलिदानबाट निर्माण र एकीकृत गरेको प्यारो मातृभूमि नेपालको समृद्ध सामाजिक एकता, सद्भावसहितको सामाजिक सुव्यवस्था र सामाजिक सुसम्बन्धयुक्त प्रणालीलाई ध्वस्त पारेर राष्ट्रिय एकतालाई छिन्नभिन्न बनाउँदै जाति, भाषा, धर्म, संस्कृति, भूगोल र पुस्ताका नाममा विभाजन गरी देशलाई भित्रैबाट कमजोर पार्ने 'कुटिल' षड्यन्त्र भइरहेको छ । यस्ता षड्यन्त्रहरूलाई असफल पार्दै सामाजिक न्याय र समानतामा आधारित समृद्ध पारस्परिक सद्भाव वृद्धि गर्दै 'विविधतामा एकता'को बाटोबाट सिंगो राष्ट्रलाई एकताबद्ध बनाउने घोषणा गर्दछौं,' घोषणापत्रमा छ । परिपूर्ण लोकतन्त्र, संविधान, कानुनको सर्वोच्चता र सुशासनको प्रतिबद्धता एमालेले गरेको छ ।

जननिर्वाचित प्रतिनिधिहरूले लेखेको संविधान हुलदंगा र आगजनीबाट थिचिएको, मिचिएको, मूर्च्छित भएको र चलेको भन्दै एमालेले राष्ट्रिय सहमतिको आधारमा संविधानलाई परिमार्जन गर्दै पुनः जीवन्त र क्रियाशील बनाएर व्यवहारमा कार्यान्वयन गर्ने घोषणा गरेको छ । भ्रम नभई, तथ्यमा विश्वास गर्न आग्रह गर्दै एमालेले समृद्धिको युगतर्फ नेपाललाई अघि बढाउने घोषणा गरेको छ ।

'नेपाललाई एक दशकभित्र समुन्नत राष्ट्रमा रूपान्तरण गर्नु छ । नेपालीको सम्मान र स्वाभिमान विश्वस्तरमा वृद्धि गर्नु छ । यो उन्नत नेपाली जनआकांक्षाको निष्कर्ष 'समृद्ध नेपाल-सुखी नेपाली' नै हो । करिब तीन करोड नेपालीको यो राष्ट्रिय आकांक्षालाई एमालेले राष्ट्रिय गन्तव्य निर्धारण गरेको छ । हामी सिंगो स्वाधीन नेपाल र सम्पूर्ण नेपालीलाई समृद्धि र समुन्नतिको गन्तव्यसम्म पुऱ्याएरै छाड्ने संकल्प र घोषणा गर्दछौं,' घोषणापत्रमा उल्लेख छ ।

मैत्रीपूर्ण विदेश सम्बन्ध स्थापित गर्ने पनि एमालेले जनाएको छ । स्वतन्त्र, तटस्थ, न्याय र विश्वशान्तिमा आधारित असंलग्न वैदेशिक नीति र परराष्ट्र सम्बन्ध कायम राख्दै अघि बढ्ने घोषणा गरेको छ । 'हामी नेपालको विकासक्रमको क्रमिक प्रगतिको यो सत्यलाई गम्भीर तापूर्वक अवलोकन गर्न, समीक्षा गर्न र विगतको अवस्था, हाम्रो भूगोल, हाम्रा स्रोतसाधन, हामीले व्यहोरेको आन्तरिक राजनीतिक अस्थिरता र भूराजनीतिक जटिलतासँग तुलना गरेर हेर्न आदरणीय जनसमुदाय र सबै सरोकारवालाहरूलाई हार्दिक आग्रह गर्दछौं,' एमालेले भनेको छ ।

**घोषणापत्रका मुख्य बुँदा**

युवा र उद्यमीलाई १० हजार डलरबराबरको बैंक कार्ड उपलब्ध गराउने सबै शिक्षकको मर्यादाक्रम तोक्ने र सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गर्ने

स्वास्थ्य स्वयंसेवीको वार्षिक भत्ता बढाएर २० हजार पुऱ्याउने, सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गर्ने

सुरक्षाकर्मीको सम्मान र कल्याण : राष्ट्रको सुरक्षा, सार्वभौमिकता र स्थायित्वका लागि जीवन अर्पण गर्ने बहालवाला तथा अवकाशप्राप्त सुर क्षाकर्मीहरूको सम्मान र कल्याण सुनिश्चित गर्ने

'समृद्धिका स्तम्भ' भन्दै एमालेले आर्थिक क्षेत्रका लागि गऱ्यो यस्ता घोषणा

**सहकारीपीडितको बचत**

दोषीबाटै असुलेर फिर्ता : समस्याग्रस्त सहकारीका कारण पीडित भएका बचतकर्ताको रकम छिटो, पारदर्शी र उत्तरदायी ढंगले फिर्ता गर्ने, दोषीमाथि कडा कारबाही गर्दै दोषीबाटै असुली हुने व्यवस्थासहित बचत फिर्ता ग्यारेन्टी कोष स्थापना गर्ने ।

सहकारी दर्ता, प्रतिवेदन, अनुगमन र सूचना प्रणालीलाई पूर्ण रूपमा डिजिटल बनाउने । सहकारीको व्यावसायीकरण, ब्रान्डिङ, गुणस्तर प्रमाणीकरण र ई-कमर्समार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजार पहुँच विस्तार गर्ने । दीर्घकालीन राष्ट्रिय सहकारी नीतिमार्फत सुरक्षित बचत, उत्पादनशील अर्थतन्त्र र समृद्ध नेपालको आधार तयार गर्ने ।

पाँच वर्षमा पर्यटक आगमन दोब्बर : नेपाललाई रहस्यमय हिमाली, आश्चर्यजनक प्रकृति, धार्मिक र सांस्कृतिक विशेषता, विशिष्ट संस्कृति र असाधारण साहसिक पर्यटनको अनुपम अनुभवको अवसर दिने विशिष्ट पर्यटन गन्तव्यको रूपमा विश्व पर्यटन बजारमा ब्रान्डिङ गर्ने । पर्यटनको पूर्वाधार विकास, बजार प्रवर्द्धन, हवाई सेवा विस्तार, आन्तरिक सुरक्षा र नयाँ गन्तव्यको विकास गरेर पाँच वर्षमा पर्यटक आगमन दोब्बर गर्ने ।

पढ्दै कमाउँदै, कमाउँदै पढ्दै : 'पढ्दै कमाउँदै, कमाउँदै पढ्दै' कार्यक्रममार्फत उच्च शिक्षाका लागि विदेश जाने प्रवृत्ति घटाउने । विद्यालय शिक्षालाई क्रमशः अनिवार्य र निःशुल्क बनाउँदै पूर्वप्राथमिक शिक्षासहित सबै बालबालिकाको शिक्षामा समान पहुँच सुनिश्चित गर्ने, आर्थिक, भौगोलिक वा शारीरिक अवस्थाका कारण बालबालिका विद्यालय शिक्षाबाट र किशोर-किशोरी प्राविधिक वा उच्च शिक्षाबाट वञ्चित हुने अवस्था अन्त्य गर्ने ।

एआई केन्द्र स्थापना, नागरिक एपलाई 'सुपर एप'मा विकास : नागरिक

*बाँकी पृष्ठ ३ मा*

# राष्ट्रिय प्रजातन्त्र दिवसमा देशभर विभिन्न कार्यक्रम

फागुन ७ गते आज राष्ट्रिय प्रजातन्त्र दिवस देशभर विभिन्न कार्यक्रमका साथ मनाइँएको छ । निरङ्कुश राणा शासनको अन्त्य गर्दै २००७ सालको जनक्रान्तिबाट प्रजातन्त्र स्थापना भएको ऐतिहासिक दिनको स्मरणमा हरेक वर्ष यो दिवस मनाइँदै आएको हो । प्रजातन्त्र स्थापनाका लागि शहीद दशरथ चन्द, धर्मभक्त माथेमा, गङ्गालाल श्रेष्ठ र शुक्र राज शास्त्रीले हाँसीहँसी जीवन उत्सर्ग गरेका थिए । तिनै शहीदहरूको बलिदान र जनआन्दोलनको उपलब्धिको सम्मानस्वरूप यो दिवस मनाइने गरिएको हो ।-खबर दर्पण

# धनुषा १ मा मुख्य दलका परिचित....

प्रतिबद्ध रहेको उहाँले बताउनुभयो। आफू यस क्षेत्रको नयाँ अनुहार भएकाले मतदाताबाट सकारात्मक साथ पाउने विश्वास उहाँले व्यक्त गर्नुभयो ।

राप्रपाका मल्लले बुबा हेमबहादुर मल्ल (शेरे धनुषा) को विरासत जोगाउन उमेदवारी दिएको बताउनुभयो । कृषिलाई प्राथमिकतामा राखेर काम गर्ने योजना रहेको र सोही आधार मा मत मागिरहेको उहाँले सुनाउनुभयो। उहाँले भन्नुभयो, बुबाले पञ्चायतकालमा गर्नुभएको बाहेक यस क्षेत्रमा खासै विकास भएको छैन। बुबा किसान, आम जनता र विपन्नका लागि काम गर्नुहुन्थ्यो । मेरो काम गर्ने योजना पनि त्यही छ।'

२०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा जसपाका कार्की २७ हजार ४३२ मतसहित विजयी हुनुभएको थियो । उहाँका निकटतम प्रतिस्पर्धी त्यसबेलाका नेकपा (माओवादी केन्द्र) का मातृकाप्रसाद यादवले २१ हजार ४८३ मत प्राप्त गर्नुभएको थियो । जनमत पार्टीबाट प्रतिस्पर्धा गरेका किशोरी साहले १४ हजारभन्दा बढी मत ल्याउनुभएको थियो भने राप्रपाका उम्मेदवारले मल्लले आठ हजारभन्दा बढी मत प्राप्त गर्नुभएको थियो ।

त्यसबेला राष्ट्रिय स्वतन्त्र पार्टीको न्यून मत प्राप्त भएको थियो। प्रदेशसभा निर्वाचनतर्फ क्षेत्र 'क' मा नेपाली कांग्रेसका सञ्जयकुमार महतो विजयी भएको थियो भने क्षेत्र 'ख' मा नेकपा (एमाले) का मण्डल निर्वाचित हुनुभएको थियो। यस निर्वाचन क्षेत्रमा मिथिला, सबैला, धनुषाधाम, गणेशमान चारनाथ, मिथिला बिहारी, हंसपुर र क्षिरेश्वरनाथ नगरपालिकाका ४४ वडा पर्दछन् ।

# महोत्तरी-१ मा चुनावी प्रश्न........

कांग्रेस उम्मेदवार मुकेशराज काफ्ले घरदैलो कार्यक्रमका क्रममा अजगेवा पुग्दा मुसहर बस्ती नजिकै उठेका यी प्रश्नहरूले केहीबेर प्रचार अभियान नै रोकेको थियो। जवाफमा काफ्लेले भने, "यी प्रश्न जनताको पीडाको अभिव्यक्ति हुन्। यसलाई केवल सुन्ने होइन, समाधान गर्ने प्रयास मेरो प्राथमिकता हुनेछ।"

यसपटक चुनावी प्रचारका क्रममा उम्मेदवारसँग सोधिने यस्ता प्रश्नहरूले माहोललाई थप गम्भीर बनाएको छ। कांग्रेस बुथ कमिटीका अध्यक्ष कृष्ण यादवका अनुसार अजगेवाको सानो बस्तीमा करिब चार हजार मतदाता छन्, जसले निर्वाचन परिणामलाई निर्णायक बनाउन सक्छन्। तर गाउँमा बेरोजगारी, अशिक्षा, स्वास्थ्य सेवाको अभाव, खानेपानी समस्या र कृषि संकट जस्ता मुद्दा यथावत् छन्। "जितेर गएपछि नेताहरू फर्केर नआउने प्रवृत्तिले समस्या जस्ताको त्यस्तै छ," स्थानीयको गुनासो छ।

अजगेवाको मुसहर बस्तीमा २५ परिवार बसोबास गर्छन्। सबै सुकुम्बासी छन्। अशिक्षा र बेरोजगारी व्यापक छ। खानेपानीका लागि एउटा मात्र धारा छ, जसले गर्दा झगडासमेत हुने गर्छ। सार्वजनिक दलान (बसघरा) नहुँदा सामाजिक तथा धार्मिक कार्यक्रम सञ्चालन गर्न कठिनाइ हुन्छ। रोजगारीको खोजीमा अधिकांश युवा भारत जान बाध्य छन्। चेन्नईका होटलमा काम गर्ने करिब ५० युवा मतदानका लागि गाउँ फर्किएका छन्।

१४ वर्षदेखि चेन्नईमा कार्यरत विपिन सदाका अनुसार खानेपानी र आधारभूत पूर्वाधार को अभावले दैनिक जीवन कष्टकर बनेको छ। "यसअघि जिताएर पठाएका प्रतिनिधिले वाचा पूरा गरेनन्, त्यसैले यसपटक परिवर्तनकारी उम्मेदवार खोजिरहेका छौं," उनी भन्छन्।

८५ वर्षीय राजेन्द्र यादव भन्छन्, "कृषिमा ध्यान दिए गाउँ आफैं विकास हुन्छ। सिँचाइको राम्रो व्यवस्था भए पाँच बिघामा दुई सय मनभन्दा बढी धान फल्न सक्छ।"

सडक छेउमा गुइँठा पारिरहेकी ६० वर्षीया देवकलीदेवी र श्रवतीदेवीलाई लोकतन्त्र र संघीयताको अनुभूति अझै भएको छैन। "पहिले पनि सर्पदंश र सुत्केरी हुँदा ज्यान जान्थ्यो, अहिले पनि अवस्था उस्तै छ," उनीहरू बताउँछन्।

स्नातक उत्तीर्ण रमिता यादवका अनुसार अजगेवाबाट करिब पाँच किलोमिटर टाढा रहेको हरिहर पुर स्वास्थ्य चौकीमा सहज सेवा नपाउँदा सुत्केरी र सर्पदंशका घटनामा ज्यान गुमाउने जोखिम अझै कायम छ। "चुनावका बेला आएका नेतालाई फेरि भेट्न अर्को चुनाव कुर्नुपर्छ," उनी भन्छिन्।

बर्दीबासका समाजसेवी पोषण थापाको धारणा छ, "अजगेवाको कथा केवल एउटा गाउँको होइन, ग्रामीण नेपालकै प्रतिनिधि समस्या हो।"

# कांग्रेस, एमाले र रास्वपाले ल्याएको घोषणापत्रमा

एप, डेटा सेन्टर, राष्ट्रिय परिचयपत्र प्रणाली, एआई केन्द्र, डिजिटल नेपाल फ्रेमवर्कलगायतका सबै प्रमुख डिजिटल पूर्वाधार इकाइहरूको स्थापना र सञ्चालन गर्ने । नागरिक एपलाई 'सुपर एप'का रूपमा विकास गरी सबै मन्त्रालय र सरकारी सेवाहरू पूर्ण रूपमा एकीकृत गर्ने । गलत सूचना, झुटा समाचार, डिपफेक, अल्गोरिदमिक पूर्वाग्रहमार्फत सत्यलाई विकृत बनाउने अवस्थाको अन्त्य गर्ने ।

हरेक गाउँपालिकामा सधैं चल्ने कम्तीमा एक सडक : सबै गाउँपालिकालाई सबै मौसममा चल्ने कम्तीमा एक सडकले जोड्ने, जिल्ला सदरमुकाम र प्रदेश राजधानीलाई राष्ट्रिय राजमार्गमा जोड्ने । अब बन्ने सडकहरू कम्तीमा डबल लेनको हुने, विगतमा निर्माण भएका सिंगल लेनका सडकहरूलाई डबल लेनमा स्तरोन्नति गर्ने ।

पूर्व-पश्चिम विद्युतीय रेलमार्ग एक दशकभित्र सक्ने : एक दशकभित्र रेलमार्ग निर्माण सक्न तीव्रता दिने, वीरगन्ज-काठमाडौं विद्युतीय रेलमार्ग र केरुङ-काठमाडौं विद्युतीय रेलमार्ग निर्माणका लागि पूर्वाधार तयारीको कार्य अघि बढाउने, नेपाल-भारत अन्तरदेशीय रेलमार्ग निर्माणको कार्य आगामी पाँच वर्षभित्र सम्पन्न गर्ने लक्ष्यका साथ कार्यान्वयन गर्ने । भारतसँग अन्तर्देशीय जलमार्गको माध्यमबाट र चीनसँग पारवहन तथा व्यापार सम्झौतावमोजिम सामुद्रिक बन्दरगाह उपयोग गरेर अन्तर ष्ट्रिय व्यापारमा जलमार्गको पहुँच विकास गर्ने । राजमार्ग, रेलमार्ग, जलमार्ग र विमानस्थललाई एक-अर्कासँग आबद्ध गर्ने गरी 'एकीकृत मल्टिमोडल ट्रान्सपोर्ट सिस्टम'को विकास गर्ने । ठूला सहरमा विद्युतीय बससेवा विस्तार गर्ने ।

### घोषणापत्रका मुख्य बुँदा

उच्च आर्थिक वृद्धिबाट ४ लाख र सूचना प्रविधिको क्षेत्रसहित लक्षित रोजगार कार्यक्रमबाट एक लाखलाई वार्षिक रोजगारी

२३ र २४ भदौमा क्षति भएका सार्वजनिक भवनको पुनर्निर्माण एक वर्षभित्र

उद्यमी महिलालाई २० लाखसम्म निर्व्याजी ऋण, सुत्केरीलाई २५ हजार भत्ता र गर्भवतीलाई ५ लाखसम्मको निःशुल्क जीवन बीमा

विद्यार्थीलाई २० लाख निर्व्याजी ऋण, पारिश्रमिकसहितको इन्टर्नसिप

वैदेशिक रोजगारीमा रहेकाहरूको खातामा ५ हजार र सामाजिक सुर क्षामा निरन्तरता

१८ देखि २८ वर्ष उमेरका युवालाई मासिक १० जिबी इन्टरनेट डाटा निःशुल्क

सबै विद्यालयका किशोरीलाई निःशुल्क प्याड, १० कक्षासम्मका विद्यार्थीलाई खाजा

श्रमिकहरूको न्यूनतम पारिश्रमिक २५ हजार पु ऱ्याउने, सामाजिक सुर क्षा प्रणालीमा आबद्ध गर्ने

गरिब परिवारको पहिचान गरी २५ हजार सम्मको ऋण मिनाहा, सामाजिक सुरक्षामा आबद्ध

पाँच वर्षमा १०० खर्बको अर्थतन्त्र, प्रतिव्यक्ति आय तीन हजार डलर पु ऱ्याउने

दुई वर्षमा सबै घरमा २४सै घण्टा खानेपानी, बाह्रै महिना सिँचाइको व्यवस्था

स्वास्थ्य बिमा प्रणालीलाई संरचनात्मक सुधार र बिमाको थैली विस्तार गरिने

रास्वपाको घोषणापत्र : ०४६ यताको सम्पत्ति छानबिन,

### पाँच लाखलाई रोजगारी

राष्ट्रिय स्वतन्त्र पार्टीले शासन व्यवस्थामा थिति बसाल्ने संकल्पसहित वाचापत्र सार्वजनिक गरेको छ । बिहीबार सुर्खेत घण्टाघर चोकमा परि वर्तन उद्घोष सभामार्फत रूपान्तरणका लागि नीतिगत प्रस्थानका १०० आधार सार्वजनिक गरेको हो ।

वाचापत्रमा २३ र २४ भदौको जेन-जी आन्दोलनको छानबिन गर्न गठित जाँचबुझ आयोगको प्रतिवेदनमा उल्लेखित सुझाव र सिफारिस कार्यान्वयन गर्ने प्रतिबद्धता जनाइएको छ । यस्तै, ०४६ यताका सार्वजनिक पदाधिकारीको सम्पत्ति छानबिन गरी अवैध रूपमा आर्जित सम्पत्ति जफत तथा राष्ट्रियकरण गर्ने वाचा रास्वपाले गरेको छ ।

भ्रातृ संगठन नबनाउने, राज्य संयन्त्र र संवैधानिक अंगलाई दलीय आबद्धता अन्त्य गर्न आवश्यक कानुनी र संस्थागत व्यवस्था कार्यान्वयन गर्ने योजना रास्वपाले अघि सारेको छ । यसैगरी सरकारी सेवाभित्र दलगत ट्रेड युनियन व्यवस्था खारेज गर्ने वाचा छ ।

वाचापत्रमा सार्वजनिक प्रशासनिक सेवा सुधारलाई विशेष जोड दिइएको छ । फाइल घुमाउने परम्परागत र झन्झटिलो तहगत टिप्पणी प्रथालाई अन्त्य गरी निर्णय प्रक्रियालाई छिटो-छरितो र प्रविधिमैत्री बनाउने, टिप्पणी र परिपत्रलाई डिजिटल बनाउने र डिजिटल हस्ताक्षर अनिवार्य गर्ने वाचापत्रमा छ ।

रास्वपाले शासकीय स्वरूपमै संविधान संशोधनको एजेन्डा अघि सारेको छ । प्रत्यक्ष निर्वाचित कार्यकारी, पूर्ण समानुपातिक संसद्, सांसद मन्त्री नहुने व्यवस्था, गैरदलीय स्थानीय सरकार र सुधारिएको प्रादेशिक स्वरूपजस्ता विषयमा बहस-पत्र बनाएर संविधान संशोधनको प्रस्ताव वाचापत्रमा छ । यसैगरी अख्तियार, संवैधानिक परिषद् र न्यायपरिषद् ऐन संशोधन गरी स्वतन्त्र, सक्षम र उत्तरदायी संवैधानिक निकायहरूको संस्थागत सुशासन सुदृढ गर्ने, नीतिगत निर्णयको स्पष्ट परिभाषा गर्ने भनिएको छ ।

कुनै पनि नीति वा कानुन सीमित स्वार्थ समूहको लाभका लागि बनाइने प्रवृत्तिको अन्त्य गर्दै जनतालाई पूर्णरूपमा सूचित गर्न सबै विधेयकको वित्तीय पाटो र नियामकीय प्रभाव विश्लेषण गर्ने उल्लेख छ । संक्रमणकालीन न्यायका बाँकी काम टुंग्याउने विषय पनि वाचापत्रमा छ ।

### वाचापत्रका बाँकी मुख्य बुँदा...

कार्की जाँचबुझ आयोगको प्रतिवेदनका सुझाव र सिफारिस कार्यान्वयन गर्ने

कर्मचारीको पारिश्रमिक सुविधा समयसापेक्ष परिमार्जन गर्ने

उच्च र सर्वोच्च अदालतका न्यायाधीश नियुक्ति प्रक्रिया मेरिटोक्रेसी र प्रतिस्पर्धात्मक प्रणालीबाट गर्ने

अदालती सुनुवाइको प्रत्यक्ष प्रसारणको प्रबन्ध मिलाउने

पार्टीमा प्रमुख पदमा दुई कार्यकालभन्दा बढी बस्न नपाउने व्यवस्था गर्ने

सार्वजनिक पद सम्हाल्नुअघि र कार्यकाल पूरा भएपछि सम्पत्तिमा आएको परिवर्तनको लेखा परीक्षण गरी सार्वजनिक गर्नुपर्ने

आगामी दशकमा ३० हजार मेगावाट विद्युत्जडित क्षमता हासिल गर्ने

वायुसेवा निगमलाई राजनीतिक भागबन्डा र हस्तक्षेपबाट मुक्त गरी यसको सञ्चालन र व्यवस्थापनको जिम्मा खुला प्रतिस्पर्धाबाट छानिएको व्यावसायिक टोलीलाई सुम्पिने

रेलमार्ग विस्तारको ५० वर्षे गुरुयोजना बनाउने, निर्माणाधीन रेलमार्गलाई चाँडो सञ्चालनमा ल्याउने

प्राज्ञिक नियुक्तिहरू तथा शिक्षक छनोट, पदोन्नति र मूल्यांकन प्रक्रिया पारदर्शी र मेरिट आधारित बनाउने

१५ वर्षदेखि अधुरा रंगशालालाई समयमै सम्पन्न गर्दै सातै प्रदेशमा अत्याधुनिक र पूर्णतः पहुँचयुक्त खेल पूर्वाधारहरू निर्माण गर्ने

अन्तर्राष्ट्रिय पदक विजेता खेलाडीलाई पेन्सन कोष, स्वास्थ्य बिमा र रोजगारीको ग्यारेन्टी गरिने

देशभर आधारभूत स्वास्थ्य क्षेत्रमा न्यूनतम मापदण्ड कायम गरी सेवा प्रवाह गर्न आवश्यक मानव संसाधन, पर्याप्त औषधि आपूर्ति, अत्यावश्यक उपकरण, सहज पहुँच तथा आधारभूत पूर्वाधारको सुनिश्चिततासहितको एकीकृत मोडेल तयार गरी लागू गर्ने । ग्रामीण तथा दुर्गममा स्वास्थ्य सेवा पहुँच प्राथमिकताका साथ विस्तार गरिने

स्वास्थ्य बिमालाई थप सुदृढ मोडलमा गुणस्तरीय स्वास्थ्य सेवा तथा प्रत्येक नागरिकको पहुँच सुनिश्चित हुने गरी विस्तार गर्ने

जलनपीडितहरूको निःशुल्क र गुणस्तरीय उपचार सुनिश्चित गर्न जलन उपचार कोषको स्थापना र एक विश्वस्तरीय विशेष जलन अस्पतालको निर्माणको प्रक्रिया थाल्ने

कार्यस्थलमा श्रमिकका लागि सुरक्षा, बिमा र सामाजिक सुरक्षा अनिवार्य गर्ने

पहिलोपटक घर खरिद वा निर्माण गर्ने नागरिकका लागि घर कर्जाको वार्षिक साँवाब्याज भुक्तानीलाई आयकरमा कट्टी गर्न पाउने प्रावधान र मालपोतमा विशेष छुटको व्यवस्था गर्ने

सबै नागरिकलाई सुरक्षित पिउने पानी सुनिश्चित गर्ने

प्रत्येक कूटनीतिक नियोगको सक्रियता र नतिजा मापन गर्न वैज्ञानिक 'पर्फर्मेन्स अडिट' प्रणाली लागू गरिने

### वाचापत्रका मुख्य बुँदा

०४६ यताका उच्चपदस्थहरूको सम्पत्ति छानबिन गरी अवैध सम्पत्ति जफत गर्ने ।

प्रत्यक्ष निर्वाचित कार्यकारी, पूर्ण समानुपातिक संसद्, सांसद मन्त्री नहुने व्यवस्था, गैरदलीय स्थानीय सरकार र सुधारिएको प्रादेशिक स्वरूप बनाउन संविधान संशोधनको प्रस्ताव गर्ने

सातै प्रदेशमा अत्याधुनिक डिजिटल पार्क निर्माण गरी ५ लाख प्रत्यक्ष रोजगारी सुनिश्चित राज्य संयन्त्र र संवैधानिक अंगमा दलीय आबद्धता अन्त्य गर्न कानुनी व्यवस्था गर्ने

राष्ट्रिय गौरवका आयोजनालाई आगामी दुई वर्षभित्र सम्पन्न गर्ने

पाँच/सात वर्षभित्र प्रतिव्यक्ति आय ३००० डलर नाघ्ने र अर्थतन्त्रको आकार १०० अर्ब डलर नजिक पुऱ्याइने लक्ष्य

साना बचतकर्ताको बचत सुरक्षित गर्न १०० दिनभित्र एकीकृत बचत सुरक्षा कोष स्थापना संघमा संख्या १८ मा सीमित गर्ने

हरेक प्रदेशमा कम्तीमा एक अत्याधुनिक नमुना समावेशी विद्यालय स्थापना

सरकारी सेवाभित्र दलगत ट्रेड युनियनको व्यवस्था खारेज गर्ने, भ्रातृ संगठन नबनाउने

भारतीय रुपैयाँसँग स्थिर विनिमयदर विज्ञहरूको सहभागितामा अध्ययन र पुनरावलोकन गर्ने

शिक्षक तथा प्राध्यापकहरूको राजनीतिक आबद्धतालाई पूर्णतः निषेध गर्ने

# 'मिथिला माध्यमिकी परिक्रमा' को मटिहानीमा भव्य स्वागत

खबर दर्पण समाचारदाता

**फागुन ७ गते, बर्दिबास**

मिथिलाञ्चलको महाकुम्भका रूपमा परिचित ऐतिहासिक तथा धार्मिक पदयात्रा 'मिथिला माध्यमिकी परिक्रमा' बिहीबार महोत्तरीको मटिहानी आइपुगेको छ।

१५ दिने परिक्रमा मङ्गलबार भारतको कल्याणेश्वरबाट यात्रा प्रारम्भ गरिएको थियो।

बुधबार गिरिजास्थान हुँदै यात्रा आज मटिहानी पुगेको छ। मिथिलाको पौराणिक, ऐतिहासिक तथा धार्मिक आस्थासँग गाँसिएको यस परिक्रमा संसार कै लामो धार्मिक पदयात्रामध्ये एक मानिन्छ। परिक्रमामा 'किशोरीजी मिथिला बिहारी'को डोला प्रमुख आकर्षण र केन्द्रबिन्दुका रूपमा लिइन्छ।

मटिहानी नगरपालिका क्षेत्रमा डोला आगमनसँगै नगर प्रमुख हरिप्रसाद मण्डल तथा महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवलगायत स्थानीय जनप्रतिनिधि र श्रद्धालुहरूले बाजागाजासहित भव्य स्वागत गरेका थिए। डोलाको पूजा-अर्चना गर्दै धार्मिक श्रद्धा व्यक्त गरिएको थियो।



परिक्रमा टोली आज राति मटिहानीमै विश्राम गरी भोलि बिहान जलेश्वरतर्फ प्रस्थान गर्ने कार्यक्रम रहेको किशोरीजी डोलाका महन्त नवल किशोर दासले बताए।



# मोटरसाइकल दुर्घटनामा चार जनाको मृत्यु

खबर दर्पण समाचारदाता

**फागुन ७ गते, बर्दिबास**

धनुषा र सर्लाहीमा भएको छुट्टाछुट्टै मोटरसाइकल दुर्घटनामा चारको मृत्यु भएको छ भने दुईजना घाइते भएको छ । सर्लाहीमा तीनवटा मोटरसाइकल आपसमा ठोक्किँदा सर्लाहीको ईश्वरपुर नगर पालिका- १३ मा दुई युवाको मृत्यु भएको छ भने अन्य दुई जना घाइते छन् ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका डीएसपी सरोज राईका अनुसार गएराति करिब आठ बजेतिर भएको दुर्घटनामा सर्लाहीकै हरिपुर्वा नगरपालिका-९ मिर्चैया बस्ने करिब ३० वर्षका मुकेश राय र सोही ठाउँका ३० वर्षीय रामज्ञान रायको मृत्यु भएको छ। दुर्घटनास्थलमा अचेत अवस्थामा फेला परेका उनीहरूको मलंगवास्थित प्रादेशिक अस्पताल उपचारको क्रममा मृत्यु भएको हो। दुर्घटनामा सर्लाहीकै हरिपुर्वा नगरपालिका-९ बस्ने २२ वर्षीय विक्रम राय र रामविश्वास राय सामान्य घाइते भएका छन् ।

घटना अनुसन्धानका लागि उनीहरूलाई प्रहरीले नियन्त्रणमा लिएको छ । ईश्वरपुर नगर पालिका-१३ को बाँके-संग्रामपुर सडक खण्डको ठिल्हा नजिक भार तीय नम्बरका तीनवटा मोटर साइकल एकै ठाउँमा दुर्घटनाग्रस्त अवस्था फेला परेका थिए ।

यसअघि धनुषामा धनुषाधाम नगरपालिका ३ धनुष मन्दिरको पूर्वमा रहेको पुलबाट खसेर मृत्यु भएको थियो। मँगलबार साँझ करिब ८:०० बजेको समयमा प्रदेश २ ००७ प ६९४६ नम्बरको मोटरसाईक दुर्घटना हुँदा दुई युवकको घटनास्थलमै मृत्यू भएको हो ।

मृत्यू हुनेमा धनुषा क्षीरेश्वरनाथ नगरपालिका वडा नं. ५ महेन्द्रनगर बस्ने स्थानीय श्रवनारायण ठाकुरका अन्दाजी २५ बर्षिय छोरा रामभरोस ठाकुर र सोही स्थान बस्ने स्थानीय राम सुगारथ साहका छोरा २८ बर्षिय दिनेश साहको घटनास्थलमै मृत्यू भएको थियो ।

धनुषाको मखनाहादेखि धनुषाधामतर्फ आउँदै गरेको सो मोसा बालगँगा पुलबाट तल झरेको ईलाका प्रहरी कार्यालय धनुषाधामले जनाएको छ। उनीहरु मदिरा सेवनको कारण सवारी अनियन्त्रित भएर दुर्घटना भएको हुन सक्ने प्रहरीको भनाई छ ।

यता, परिवारजनलाई भने कसैले विपरित दिशाबाट ठक्कर दिएको हुन सक्ने आशंका भएकोले सोही अनुसार छानबिन गरिदिन आग्रह गरेका छन् । करिब दुई बर्षअघि मात्र बिहे गरेको रामभरोस मात्र १५ दिन अगाडी विदेशबाट आएका थिए । घुम्नको लागि बाहिर निस्केका दुवै जनाको मोटरसाईकल दुर्घटनामा परी मृत्यू भएपछि सिँगो टोल शोकमग्न भएको छ ।


कोरियन ब्युटी प्रोडक्ट्स प्रयोग गरौं सधै जवान देखियौं ।

बर्दिवास क्षेत्रको लागि मार्केटिंग अफिसर सम्पर्क नं. - ९८०४८११३७५

साथै होम डेलिभरीको सूविधा छ।





खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,